# पाठ - 3
## छाती च्यातने घटना

# الدرس الثالث - نيبالي
## شق الصدر

एक दिनको समयमा जब मुहम्मद ﷺ करिब करिब चार बर्षको भइसकेका थिए, र जुन् समय उहाँ आफ्नो रेजाइ भाइ अर्थात हलीमा सादियाको छोरा सँग टेन्ट भन्दा टाँढा भएर खेलदै थिए कि हलीमाको छोरा डराएको अवस्थामा दगुरदै आउनु भयो र आमालाई आफ्नो कुरैशी भाइ तिर पुग्ने अनुरोध गर्नु भयो, हलीमाले सोधिन् कि के भयो? त जवाफमा उसले भन्नु भयो कि मैले दुइ जनालाई सेतो लुगामा देखेको छु, उनीहरुले मुहम्मद ﷺ लाई लगिरहेका छन् र उहाँलाई सुताएर उहाँको छाती च्याति रहेका छन् , त्यसको भनाइ सकिने भन्दा पहिला नै हलीमा दौडन थालिन्, मुहम्मद ﷺ हक्काबक्का आफ्नो ठाउँमा उभिएको थिए, उहाँको अनुहारको रँग पनि पहेलो र फिका भइसकेको थियो, हलीमाले तुरुन्तै सोध्नु भयो कि के भएको? त उहाँले भन्नु भयो कि म ठिक छु , र त्यस पछि पुरा कथा सुनाउनु भयो कि सेतो लुगामा आएको दुइजनाले मलाई लगेर मेरो छाती च्यातनु भयो, फेरि मुटु निकालनु भयो, र त्यसबाट एउटा कालो टुक्रा निकालेर फाल्नु भयो, फेरि चिसो पानीले मुटुलाई धुनु भयो, त्यस पछि फेरि मुटुलाई भित्र राखेर छातीमा हात फेर्नु भयो, फेरि ठाउँ छोडेर जानु भयो र अदृश्य हुनु भयो, हलीमाले मुहम्मद ﷺ लाई टेन्टमा ल्याईन् र अर्को दिन फजर हुने बित्तिकै मक्का ल्याइ, आमिना कहाँ पुर्‍याइ दिइन्  बच्चा राख्ने उतसाहित हलीमालाई यस्तो समयमा देखेर आमेना अचम्म भइन्, र कारण सोधने भइन् , त हलीमाले छाती च्यातने घटना सुनाउनु भइन् ।

आमेना आफ्नो अनार्थ छोरा सँग बनि नज्जारमा उहाँको मामाहरु सित भेँट घाँटको लागि मदीना तिर लागिन् र केहि दिन त्यहिं बिताउनु भयो , मक्का फर्किने समय बाटोमा अबवा नामको ठाउँमा उहाँको देहान्त भयो, र त्यहिं धरतिको हवाला भइ, मुहम्मद ﷺ ले त्यहिं आफ्नो आमालाई बिदा गर्नु भयो, र त्यो समय मुहम्मद ﷺ को ऊमेर ६ बर्षको थियो, अब उहाँको सम्पूर्ण जिम्मेबारि उहाँको बाजे अब्दुल मुत्तलिबको थियो, तसर्थ अब्दुल मुत्तलिबले उहाँको पालन पोषन गर्नु भयो, उहाँको ख्याल राख्नु भयो, र उहाँ प्रति माया ग्राँसनु भयो, तर ८ बर्षको उमेरमा उहाँको बाजेको पनि देहान्त भइहाल्यो, त्यस पछि उहाँको काका अबुतालिबले गरिबी र अधिक सन्तानका बावजूद उहाँको पालन पोषन गर्नु भयो, उहाँको काका र उनकि श्रीमतिले उहाँलाई आफनै छोरा जस्तो मान्नु भयो, र यस अनार्थ बच्चालाई पनि आफ्नो काका सँग धेरै माया भयो, उहाँको प्रार्थमिक प्रशिक्षण चाहिं यस्तो अवस्थामा भयो, सच्चाई र निष्ठा माथि हिर्कनु भयो, यहाँ सम्म कि सच्चाई र निष्ठा उहाँको पहिचान भइसकेको थियो, तसर्थ यदि कोहि यो भन्थ्यो कि निष्ठावान आयो वा सत्यवादी आयो भने मुहम्मद ﷺ नै बुझिन्थ्यो ।जब नबी ﷺ अलिकति ठुलो हुनु भयो त जीवन्मा आफै माथि निर्भर हुने प्रयास गर्नु भयो र जीवीका कमाउनमा जुटि हाल्यो , श्रम र कमाइको यात्रा शुरु गर्नु भयो, र थोरै पैसामा कुरैशको केहि व्यक्तिहरुको बाखा चराउन थाल्नु भयो ।

उहाँले सिरयाको एउटा व्यापारि यात्रामा पनि भाग लिनु भयो, जसमा खदीजा बिन्ते खोवैलिदले धेरै पुँजी लगाएकि थीइन्, खदीजा एउटि धनी बिधवा महिला थिइन्, र यस यात्रमा उहाँको पुँजीको वकिल र जिम्मेबार उहाँको आफ्नो दास मैसरा थियो, रसूल ﷺ को बरकत र उहाँको निष्ठाको कारण खदीजालाई यस व्यापारमा निकै र धेरै फाइदा भयो, कहिले यस्तो भएको थिएन, तसर्थ उहाँले आफ्नो दास मैसरासित यस फाइदाको कारण सोधनु भयो, जवाफमा उसले भन्नु भयो कि मुहम्मद बिन अब्दुल्लाहले नै सामान लगाउने र बिक्रि गर्ने जिम्मेबारि लिएका थिए, मानिसहरुको भिड पनि धेरै संख्यामा भयो, त्यस कारण नै यति ठुलो फायदा भएको छ, उहाँले कसै सँग धोका गर्नु भएन, खदीजाले आफ्नो दास मैसराको कुरा ध्यान पुर्वक तरिकाले सुन्नु भयो, उहाँले पहिले देखि नै मुहम्मद बिन अब्दुल्लाहको बारेमा केहि कुराहरु जानी राखेकि थिइन् र यस प्रकार मुहम्मद ﷺ उहाँलाई साह्रै मन् पर्नु भयो उहाँले मुहम्मद ﷺ सँग विवाह गर्ने प्रयास गर्नु भयो र उहाँको बिचार बारे जानकारी प्राप्त गर्नका लागि आफ्नो एउटि नातेदारलाई पठाउनु भयो, त्यति खेर नबी ﷺ को ऊमेर २५ बर्षको थियो, त्यो महिलाले आएर खदीजा तर्फबाट विवाहको प्रस्ताव राख्ने भइन् र नबी ﷺ ले त्यो प्रस्ताव स्विकार गर्नु भयो, विवाह सम्पन्न भयो, र दुवैलाई एक अर्काबाट खुशी प्राप्त भयो, नबी ﷺ ले खदिजाको धनलाई बढाउनु भयो र त्यसमा आफ्नो अनुभव र सक्षम हुने प्रमाण पेश गर्नु भयो, धेरै बर्ष बित्यो, र खदीजालाई एक पछि एक गर्भ भएर बच्चाहरुको जन्म भयो, खदीजा द्वारा छोरिहरु मध्ये जैनब, रोकैया, उम्मे कुलसुम, र फातिमा भइन, र छोराहरु मध्ये कासिम र अब्दुल्लाह भए, तर यो दुवै छोराहरुको सानै उमेरमा मृत्यु भयो